## मिति २०७५/०४/०६ गतेको कार्यपालिका बैठकका निर्णयहरु

*प्रस्तावहरु*

१.सोलार वितरण सम्बन्धमा |
२.आपतकालीन सामग्री वितरण सम्बन्धमा |
३.वार्षिक प्रगति समिक्षा सम्बन्धमा |
४.अति विपन्न औषधि उपचार सहयोग सम्बन्धमा |
५.लेखा परिक्षक् सुचिकृत सम्बन्धमा |
६.सार्वजनिक सुनुवाई सम्बन्धमा |
७.मासिक बैठक सम्बन्धमा |
८.आ.व.२०७५/०७६ को योजना कार्यान्वयन सम्बन्धमा |
९.गाडी चालक सम्बन्धमा |
१०.गाउँपालिकाको दरवन्दी अनुसार कर्मचारी माग सम्बन्धमा |
११.शिक्षक कार्यबिधी सम्बन्धमा |
१२.शिक्षा कार्यविधि सम्बन्धमा |
१३.साविक रुपाल गा.वि.स.को सरसामान वितरण गर्ने सम्बन्धमा |

*निर्णयहरु*

1. प्रस्ताव १ माथि आवश्यक छलफल गर्दा यस गा.पा. मा रहेको सोलार सेट विद्यालय ,स्वास्थ्य चौकी ,तथा संघ संस्थामा वितरण पश्चात बाँकी सोलार सेटहरू वार्ड न.१,२ र ५ मा आवश्यकता अनुसार उपाध्यक्ष ज्यूको संयोजकत्वमा ५ सदश्यीय कार्यबिधी बनाई वितरण गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो |

2. प्रस्ताव न.२ माथि छलफल गर्दा यस गा.पा. भित्रका प्रहरी चौकी ,नेपाल रेडक्रस सोसाईटी लाई आपतकालीन सामग्री उपलब्ध गराउने निर्णय सर्वसम्मति बाट पारित गरियो |

३. प्रस्ताव न.३ माथि छलफल गर्दा यस गा.पा.को आ.व.२०७४ /०७५ को वार्षिक प्रगति समिक्षा मिति २०७५/०४/१० गते गर्ने निर्णय गरियो |

४. प्रस्ताव न.४ माथि छलफल गर्दा वार्ड न. १ निवासी यसोदा को छोरा आयुष को स्वास्थ्य उपचारको क्रममा मृत्यु भई सकेको हुँदा निजको परिवार लाई गाडी भाडा बाफत को खर्च रकम आर्थिक सहयोग स्वरूप रु १६००० (सोह्र हजार )कन्टेनजेंसी खर्च बाट भुक्तानी गरिएकोले उक्त खर्च रकम यस कार्यपालिकाको बैठक बाट अनुमोदन गरियो |

५.प्रस्ताव ५ माथि आवश्यक छलफल  गर्दा यस गाउँपालिकाको क्षेत्र अधिकार भित्र रहेका विद्यालय ,स्वास्थ्य चौकी तथा अन्य संघ संस्थाको लेखा परिक्षण गराउन यस आ.व.२०७५/०७६ को श्रावण मसान्त भित्र लेखा परिक्षणको लागि सूचना प्रकाशित गर्ने र सोहि अनुरुप सुचिकृत लेखा परिक्षक बाट लेखा परिक्षण गर्ने गराउने निर्णय सर्वसम्मत निर्णय गरियो |

६. प्रस्ताव ६ माथि आवश्यक छलफल गर्दा यस भागेश्वोर गा.पा.को आ.व.०७४/०७५ को सार्वजनिक सुनुवाई तपसिल बमोजिम गर्ने निर्णय गरियो |

**तपसिल**

वार्ड न.१ र २ को २०७५ साल श्रावण १७ गते (वार्ड न.१ र २ को कार्यालयमा )
वार्ड न.३ को २०७५ साल श्रावण १९ गते (वार्ड न.३ को कार्यालयमा )
वार्ड न.४ को २०७५ साल श्रावण २१ गते (बगरकोटमा )
वार्ड न.५ को २०७५ साल श्रावण २३ गते (सिराड)
गाउँपालिकाको सार्वजनिक सुनुवाई २०७५ श्रावण २६ गते (गाउँपालिका  कार्यालयमा )

७. प्रस्ताव न.७ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको नियमित बैठक प्रतेक महिनाको ६ गते र कर्मचारी बैठक प्रतेक महिनाको ४ गते बस्ने निर्णय सर्वसम्मति बाट पारित गरियो |

८. प्रस्ताव ८ माथि छलफल गर्दा आ.व.०७५/०७६ को योजना कार्यान्वयन सम्बन्धमा यहि मिति २०७५ साल भाद्र मसान्त भित्र सम्पूर्ण वार्ड स्तरमा योजनाको लागि उपभोक्ता समिती गठन गरी आवश्यक तालिम संचालन गर्ने निर्णय गरियो |

९. प्रस्ताव ९ माथि छलफल गर्दा यस गाउँपालिकामा १ जना सवारी चालक दैनिक पारिश्रमिक परामर्श सेवा शिर्षक बाट खर्च हुने गरि भुक्तानी गर्ने र दैनिक ज्यालादारीमा सवारी चालक राखनाको लागि संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई स्वीकृतिको लागि पत्राचार गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो |

१०.प्रस्ताव १० माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकामा कर्मचारी अभाव रही आएकोले दरवन्दी अनुसारको कार्मचारी माग गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई पत्राचार गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो|

११. प्रस्ताव ११ मा आवश्यक छलफल गर्दा आ.व.२०७५/०७६ को निती तथा कार्यक्रम" कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक "अनुरुप शिक्षक व्यवस्थापन गर्न कार्यविधि बनाउन तपसिल बमोजिमको कार्यदल गठन गरियो |

**तपसिल**

संयोजक : पदम बहादुर बोहरा (उपाध्यक्ष )
सदश्य :राम ब.शाही (वार्ड अध्यक्ष )
सदश्य :सोहन लाल दमाई (का.पा.सदश्य )

सदश्य सचिव :खिमानन्द पन्त (श्रोत ब्यक्ति )

१२. प्रस्ताव १२ माथि आवश्य छलफल गर्दा यस गा.पा.को शिक्षा कार्यबिधी यहि श्रावण २० गते सम्म सम्पन्न गर्ने गरि तपसिल बमोजिमको कार्यदल गठन गठन गर्ने निर्णय गरियो |

**तपसिल**

संयोजक : कौशिला कुमारी भट्ट

सदश्य : पदम बहादुर बोहरा

सदश्य : राम ब.शाही

सदश्य :बसन्त भट्ट

सदश्य : कल्पना सिकर्मी

सदश्य :सोहनलाल दमाई

सदश्य सचिव : श्रोत ब्यक्ति

१३. प्रस्ताव १३ माथि आवश्यक छलफल गर्दा साविक रुपाल गा.वि.स.मा रहेको केहि जिन्सी सामान लक्षित् बर्ग लाई वितरण गर्न तपसिल बमोजिमको वितरण समिति गठन गरियो |

**तपसिल**

संयोजक : पदम ब. बोहरा

सदश्य : राजेन्द्र बोहरा

सदश्य : रुप सिंह ठकुराठी

सदश्य सचिव : मातृका प्रसाद भट्ट

# मिति २०७५/०५/६ गतेको कार्यपालिका बैठकका निर्णयहरु

*प्रस्तावहरु*

१.गाउँपालिकाको संगठनात्मक दरवन्दी सम्बन्धमा |

२.आ.व.२०७४/०७५को आन्तरिक लेखा परिक्षण सम्बन्धमा |

३.सोलार वितरणको लागि कार्यविधि सम्बन्धमा |


४.स्वयमसेवक शिक्षक छनौट कार्यविधि सम्बन्धमा |

५.रुपाल र भागेश्वोर स्वास्थ्य चौकीमा ल्याब स्थापना तथा कर्मचारी खटन सम्बन्धमा |

६.बिबिध|

*निर्णयहरु*

प्रस्ताव न.१ माथि छलफल गर्दा यस गाउँपालिकाको संगठनात्मक दरवन्दी तपसिल बमोजिमको संगठनात्मक दरवन्दी स्वीकृत गरि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो |



२. प्रस्ताव २ माथि आवश्यक छलफल गर्दा आ.व.२०७४/०७५ को आ.ले.प्. गरि छोटो समयमै म.ले.प्. गराउनु पर्ने भएकोले रजिस्ट्रर अडिटर बाट आन्तरिक लेखा परिक्षण गर्ने निर्णय गरियो सो को लागि एन .वि.पाण्डेय एसोसिट ,धनगढी कैलाली लाई पत्राचार गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो |

३.प्रस्ताव ५ माथि आवश्यक छलफल गर्दा रुपाल ,भागेश्वोर र बगरकोट स्वास्थ्य चौकीमा ल्याब स्थापना व्यवस्थापन गर्ने र भाद्र महिनाको दोश्रो हप्ता भित्रै सम्बन्धित स्वास्थ्य संस्थामा आवश्यक कर्मचारी खटाई पठाउने निर्णय सर्वसम्मति बाट पारित गरियो |

४.प्रस्ताव ३ माथि आवश्यक छलफल गर्दा गाउँपालिका बाट सोलार वितरणका विषयमा छलफल गर्दा तपसिल बमोजिमका वार्डहरुमा देहाय बमोजिमको संख्यामा सोलार वितरण गर्ने निर्णय गरियो|

**तपसिल**

| वार्ड न. | सोलार संख्या |
|---|---|
| १ | ३९ |
| २ | ३५ |
| ३ | १३ |
| ४ | ७ |
| ५ | ३२ |

५. गाउँ पालिका बाट सोलार वितरण गर्दा तपसिल बमोजिमको प्राथमिकताको आधारमा ब्यक्ति छनौट गरि सम्बन्धित वार्ड कार्यालयको अध्यक्ष ,भागेश्वोर गा.पा. का उपाध्यक्ष र भागेश्वोर गा.पा. स्टोर शाखा प्रमुखको रहोबरमा सोलार सेट वितरण गर्ने

१.बिधुत सेवा नपुगेको स्थानमा प्राथमिकता
२.अति बिपन्न ,एकल महिला ,विधवा ,जनजाती ,दलित लाई प्राथमिकता
३.घरमा रोजगारी नभएको
४.सोलार प्राप्त गर्ने व्यक्तिको घरमा शौचालय बनि नियमित प्रयोगमा रहेको
५.गत बिगत विभिन्न संघ संस्था ,साविक गा.वि.स. बाट सो सम्बन्धि सुबिधा नपाएको
६.नेपालि नागरिकता प्राप्त ,सम्बन्धित वार्डमा बसोबास गरेको

६.प्रस्ताव न.४ माथि आवश्यक छलफल गर्दा तपसिल बमोजिमका कार्यविधि स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो|

**तपसिल**

क)शिक्षा सम्बन्धि अति आवश्यकीय कार्य संचालन तथा व्यवस्थापन कार्यविधि -२०७५
ख)भागेश्वोर गाउँपालिका करार स्वयंसेवक शिक्षक् भर्ना सम्बन्धि कार्यविधि -२०७५
७.कृषक तथा सोहि प्रकृतिका अन्य समुह नविकरण शुल्क बाफत रु ५० वार्षिक नविकरण शुल्क लिने निर्णय सर्वसम्मति बाट पारित गरियो |

## मिति २०७५ /०६ /०६ गते को कार्यपालिका बैठकका निर्णयहरु

*प्रस्तावहरु*

१.गाउँ दर रेट सम्बन्धमा
२.वार्षिक कार्यक्रम सम्बन्धमा
३सडक मर्मत कार्यकर्ताको पारिश्रमिक सम्बन्धमा
४.रुपाल ,भागेश्वोर स्वा.चौ.मा ल्याव स्थापनाको लागी आवश्यक सामग्री खरिद सम्बन्धमा |
६,अवरुद्व सडक संचालन सम्बन्धमा
७.कार्यालय सवारी साधन जिपको थप सामग्री खरिद सम्बन्धमा
८.प्रवेश द्वार निर्माण सम्बन्धमा
९.तारजाली वितरण सम्बन्धमा
१०.कृषि तर्फ आलु बिउ खरिदको अपुग रकम सम्बन्धमा
११.सेवा निबृत स्थानीय कर्मचारीको सुबिधा रकम सम्बन्धमा
१२.विविध

*निर्णयहरु*

१. प्रस्ताव १ माथि छलफल गर्दा स्थानीय स्तरको न्युनतम दररेट निर्धारण सम्बन्धमा यस आ.व.०७५/०७६ को भागेश्वोर गा.पा. को दर रेट निर्धारण समिति द्वारा सिफारिस गरिएको डर रेट ज्याला तथा ढुवानी आज को यस कार्यपालिका बैठक द्वारा स्वीकृत गरि कार्यान्वयनमा ल्याउने निर्णय सर्वसम्मति बाट पारित गरियो |

२. प्रस्ताव २ माथि आवश्यक छलफल गर्दा यस आ.व. ०७५/०७६ को भागेश्वोर गा.पा.को वार्षिक कार्यक्रम चौमासिक बिभाजन सहित स्वीकृत गरियो|

३. प्रस्ताव ३ माथि आवश्यक छलफल RAP 3 बाट संचालित/परिचालित सडक मर्मत कार्यकर्ताहरुको पारिश्रमिक बाफत यस गा.पा. को संचित कोष बाट रु.६,१०,००० अक्षेरुपि रु.छ लाख दश हजार मात्र बिनियोजन गर्ने निर्णय गरियो|

४. प्रस्ताव ५ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका बिपन्न तथा असाहय ब्यक्तिहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

१.मान ब.सुतार  वार्ड न.३  रु.१०,०००
२.सीता शार्की  वार्ड न.१  रु.१०,०००
३.हिमाल भाट  वार्ड न.५ रु २०,०००
४.देव राज भट्ट  वार्ड न.४  रु २०,०००
५. राज शार्की  वार्ड न.३ रु.१०,०००

६.शंकर जोशी वार्ड न.२ रु १०,०००
७.लाल टमटा वार्ड न.४ रु.७५००
दैवी प्रकोप विपद व्यवस्थापन कोष बाट तपसिलका ब्यक्तिलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो |

**तपसिल**

१.हर्ष ब.मल्ल वार्ड न.३ रु.३०,०००
२.शंकर बहादुर ठकुराठी वार्ड न.१ रु.१००००
३.झिमा देवी शर्की वार्ड न.४ रु.२००००

५. प्रस्ताव ४ माथि आवश्यक छलफल गर्दा रुपाल र भागेश्वोर स्वास्थ्य चौकीमा ल्याब स्थापना गर्न आवश्यक सामग्री खरिदको लागि संचितकोष बाट रु.५,००,००० (अक्षेरुपि पाँच लाख मात्र ) बिनियोजन गर्ने निर्णय गरियो |

६. प्रस्ताव ६ माथि आवश्य छलफल गर्दा यस गाउँ पालिका अन्तर्गतका सडकहरु मर्मत /सुधार गर्ने निर्णय गरियो |

७. प्रस्ताव ६ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको सवारी साधन (जिप)को थप सामग्री खरिद गर्नको लागि गत आ.व.मा बिनियोजन गरिएको रु ५,००,००० (अक्षेरुपि पाँच लाख )संचित कोष बाट बिनियोजन गर्ने निर्णय गरियो |

८. प्रस्ताव ८ माथि छलफल गर्दा भागेश्वोर गाउँपालिकाको प्रवेश द्वार अमरगढी नगरपालिका र भागेश्वोर गाउँपालिकाको सिमाना पर्ने बिरादेमा निर्माण गर्ने निर्णय गरियो |

९.प्रस्ताव ९ माथि आवश्यक छलफल गर्दा गाउँ पालिकामा स्टोर रहेको तार जाली तपसिल बमोजिम वितरण गर्ने निर्णय गरियो |

**तपसिल**

| संघ /संस्था /समुह तथा ब्यक्ति | वितरित जाली संख्या | जम्मा |
|---|---|---|
| रुद्रेश्वोर सामुदायिक विपद व्यवस्थापन समिति | ३० (2x1x1)+२०(3x1x1) | ५० |
| नागार्जुन सामुदायिक विपद व्यवस्थापन समिति | ३०(2x1x1)+20(3x1x1) | 50 |
| लामिकान्ड़े धनाघाट | ३६ (2x1x1 ) | ३६ |

१०. प्रस्ताव १० माथि आवश्यक छलफल गर्दा कृषि तर्फ आलु बिउ वितरण (५०%अनुदानमा )को अपुग रकम रु.१,३५,००० अक्षेरुपि रु एक लाख पैतिस हज्जार मात्र संचित कोष बाट बिनियोजन गर्ने निर्णय गरियो |

११. प्रस्ताव ११ माथि आवश्यक छलफल गर्दा यस गाउँ पालिकाका का.स. गोविन्द मदै लाई औषधि उपचार खर्च र अवकास प्राप्त खरिदार टेकेन्द्र ब.शाही लाई नियमअनुसार उपदान ,बिदा र औषधि उपचार बाफतको रकम भुक्तानी गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो |

१२ .क )सरस्वति मा.वि. लाकम नमुना विद्यालय अनुदान बाफत रु.१,००,००0 अक्षेरुपि रु एक लाख मात्र संचित कोष बाट बिनियोजन गर्ने निर्णय पारित गरियो |

ख)बगरकोट खानेपानी टंकी मर्मतको लागि रु.७०,००० अक्षेरुपि सत्री हजार मात्र बिनियोजन गरियो |

ग)विभिन्न संघ संस्थाहरु लाई आवश्यक सहयोग को लागि संचित कोषबाट रु  २,००,००० अक्षेरुपि रु दुई लाख मात्र बिनियोजन गर्ने निर्णय पारित गरियो र सो विनियोजित बजेट बाट डडेल्धुरा बहुमुखी क्याम्पस स्व.वि.यु .लाई सहयोग सहित रु २०,००० (बिस हजार मात्र )भुक्तानी दिने निर्णय गरियो |

घ )सामाजिक निर्माणतर्फ सि.न.३७ मा शारदा मा.वि.सिराड शौचालय निर्माण शिर्षकमा रु.२,००,००० अक्षेरुपि दुई लाख बिनियोजन भएकोमा सो सौचालय निर्माणको लागि थप रु.१,००,००० अक्षेरुपि एक लाख मात्र बिनियोजन गरि शारदा मा.वि.सिराड फिल्ड निर्माण योजनामा परिणत गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो |

पर्यटन पूर्वाधार विकास तर्फ मन्दिर निर्माण अन्तर्गत सि.न.६ मा कैलापाल मन्दिर भवन निर्माण शिर्षक लाई कैलपाल मन्दिर फिल्ड तथा पर्खाल निर्माण गिरवडा मा परिणत गर्ने निर्णय गरियो |

च)सामाजिक विकास तर्फ अपांग लक्षित् कार्यक्रममा विनियोजित बजेट बाट यस भागेश्वोर गा.पा. वार्ड न.४ निवासी अपांग गणेश भण्डारी लाई रु.१०,००० अक्षेरुपि दश हजार मात्र सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो |

छ)भागेश्वोर गा.पा. वार्ड न.४ मा राधा बोहरा लाई स्वयं सेविका कामकाज गर्न खटाउने निर्णय गरियो |

ज)भागेश्वोर गाउँपालिका वार्ड न.४ मा अवस्थित तप्त कुण्ड मा मण्डप निर्माणको लागि रु ५,००,००० अक्षेरुपि पाँच लाख मात्र संचित कोष बाट बिनियोजन गरियो |

## <u>मिति २०७५/०७/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु</u>

***प्रस्तावहरु***

१.शुभ कामना आदान प्रदान सम्बन्धमा

२.स्वयं सेवक सिक्षकको नियुक्ति सम्बन्धमा

३.करार कर्मचारीको म्याद थप सम्बन्धमा

***निर्णयहरु***

१. प्रस्ताव न.१ माथि छलफल गर्दा २०७५ साल दशैं ,तिहार र छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण भागेश्वोर गाउँ बासीको शुख ,शान्ति ,सम्बृद्धि तथा उत्तरोतर प्रगतिको लागि शुभ कामना आदान प्रदान गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो|

२. प्रस्ताव २ माथि छलफल गर्दा यस स्वयंसेवक शिक्षक नियुक्तिका लागि शिक्षक् भर्ना समितीबाट सिफारिस भई आएका स्वयं सेवक शिक्षकहरु लाई र एक नम्बर बैकल्पिक आएका चक्र साउद (अंग्रेजी ),कुमारी निर्मला माली (नेपालि )र हरि ब.थापा मगर (सामाजिक )लाई गाउँ कार्यपालिकाको कार्यालय बाट नियुक्ति दिई काम काजमा खटाउने निर्णय गरियो |

३. प्रस्ताव ३ माथि छलफल गर्दा यस भागेश्वोर गाउँपालिकाको कार्यालयमा जिल्ला शिक्षा कार्यालयबाट काजमा खटि आएका सब ईन्जिनियर श्री प्रकाश ऐरको नियुक्तिको म्याद थप गरि तलब भत्ता गा.पा. बाट भुक्तानी गर्ने निर्णय गरियो |

४. सा.प. पदम नाथ र यादव सिंह भाटको सेवा सुविधाका विषयमा छलफल गर्दा खाई पाई आएको सेवा सुविधा दिने निर्णय गरियो |

५. विभिन्न ब्यक्ति तथा संघ संस्था बाट आर्थिक सहायता मागका विषयमा छलफल गर्दा तपसिल बमोजिमका संघ संस्था तथा ब्यक्तिहरु लाई देहाय बमोजिमको रकम दिने निर्णय गरियो |

**तपसिल**

नेपाल रेडक्रस उपशाखा बगरकोट रु.५००००

नेपाल रेडक्रस उपशाखा भागेश्वोर रु.५००००

नेपाल रेडक्रस उपशाखा रुपाल रु.५००००

महाभारत एकता सामाज भागेश्वोर -५ रु ५००००

उदय सिंह ठगुन्ना भागेश्वोर -४ रु.१००००

शेर ब.चाड भागेश्वोर -५ रु.१५०००

पवित्रा शार्की भागेश्वोर -२ रु १५०००

बलदेव भट्ट भागेश्वोर -५ रु.५०००

तारी शार्की  भागेश्वोर -२ रु.१००००
दशरथ ओड भागेश्वोर -३ रु.१००००

६. आर्थिक वितरण सहायतामा वितरण सम्बन्धमा छलफल गर्दा रु.१०,००० (दश हजार )सम्म आर्थिक सहायता दिन गाउँ पालिका अध्यक्ष लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो |

७. भागेश्वोर गाउँ पालिकाको आयोजनामा शुभ कामना भलिवल प्रतियोगिता संचालन गर्न रु.२,००,००० (दुई लाख मात्र )बिनियोजन गर्ने र तपसिल बमोजिमको समिती गठन गरि भलिवल प्रतियोगिताको जिम्मा दिने निर्णय गरियो |

**तपसिल**

संयोजक :श्री बसन्त भट्ट
शदश्य :श्री राम ब.शाही
सदश्य :श्री राजेन्द्र वोहरा
सदश्य :श्री कल्पना सिकर्मी
सदश्य :श्री मदन सिंह भाट

८. ल्याब व्यवस्थापनको लागि ३ ओटै स्वास्थ्य चौकी मा रु.२०,००० (बिस हजार) का दरले जम्मा रु.६०,००० स्वास्थ्य संस्थाको खातामा हाल्ने निर्णय गरियो |

९. गत आ.व.मा बजेट बिनियोजन भई काम प्रारम्भ भएको बिस्ताड़ी उकल्लेक सडकको सम्पन्न भएको कामको रकम भुक्तानी दिने निर्णय गरियो |

१०. बहु क्षेत्रिय पोषण कार्यक्रमको लागि समायोजन कोष बाट रु.१०,०१,४०० (दश लाख एक हजार चार सय )दिने निर्णय गरियो |